# भन्सार समाचार
# Customs News

**Customs and Business: Improving Performance Through Partnership** (भन्सार र व्यवसाय: सहकार्यको माध्यमबाट कार्यसम्पादनमा सुधार)

वर्ष - २ अङ्क-३ २०६६ साल चैत्र १५( **April 2010**) मासिक


## भन्सार विभागमा नयाँ नेतृत्व



महानिर्देशक भण्डारी

भन्सार विभागको महानिर्देशकमा नवराज भण्डारी २०६६ साल चैत्र १ गते देखि सरुवा भएर आउनु भएको छ। उहाँ आन्तरिक राजस्व विभागको उपमहानिर्देशक पदमा कार्यरत हुनुहुन्थ्यो। उपमहानिर्देशक द्वयमा आनन्दराज ढकाल तथा विष्णुप्रसाद पाण्डे सोही मितिदेखि सरुवाभई आउनु भएको छ। सरुवा भएर आउने तथा जाने पदाधिकारीहरूले आ-आफ्नो पदभार ग्रहण गरिसक्नु भएको छ। भन्सार विभागमा साविकमा उपमहानिर्देशक कृष्णप्रसाद देवकोटाले सम्हाली आउनुभएको प्रशासन, आर्थिक प्रशासन, महशुल तथा वर्गीकरण शाखाको जिम्मेवारी उपमहानिर्देशक ढकालले तथा साविकमा उपमहानिर्देशक लालशंकर घिमिरेले सम्हाली आउनुभएको सूचना प्रविधि तथा तथ्याङ्क शाखा, भन्सार सुधार तथा आधुनिकीकरण शाखा, निरीक्षण तथा अनुगमन शाखा, मूल्याङ्कन शाखा तथा अनुगमन तथा इन्टेलिजेन्स शाखाको जिम्मेवारी उपमहानिर्देशक पाण्डेले समाल्नु भएको छ।



उपमहानिर्देशक ढकाल



उपमहानिर्देशक पाण्डे

पूर्व महानिर्देशक बोधराज निरौला अर्थमन्त्रालयको बजेट महाशाखामा सरुवा हुनु भएको छ भने उपमहानिर्देशक देवकोटा आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ क्षेत्र नं. २ को प्रमुख कर प्रशासकमा तथा उपमहानिर्देशक घिमिरे अर्थमन्त्रालयको वैदेशिक सहायता समन्वय महाशाखामा सरुवा हुनु भएको छ। उहाँहरूको कार्यकाल लक्ष्य अनुसार राजस्व असुली, प्रशासनिक तथा सङ्गठनात्मक सुधार तथा सदाचार पद्धति अवलम्वनको दृष्टिकोणले महत्वपूर्ण रहेको छ।

## Bioterrorism सम्बन्धी अन्तर्राष्ट्रिय तालिममा उपमहानिर्देशक सहभागी

एसिया तथा दक्षिण प्रशान्त क्षेत्रमा Bioterrorism रोकथाम गर्नको लागि कानून कार्यान्वयन सम्बन्धमा तालिमदाताहरूको लागि तालिम कार्यक्रम १५ देखि १९ फेब्रुअरी सम्म न्युजिल्यान्डको भएको थियो। तालिम न्युजिल्यान्ड सरकार र इन्टरपोलको Bioterrorism Prevention Programme ले संयुक्त रूपमा आयोजना गरेको थियो। तालिमको उद्देश्य वायोटेरोरिजम सम्बन्धमा



वेलिङ्गटन शहरमा सञ्चालन गरियो। १६ राष्ट्रका भन्सार तथा जनस्वास्थ्य पदाधिकारीहरू सम्मिलित यस अन्तर्राष्ट्रिय तालिममा नेपालको तर्फबाट भन्सार विभागका उपमहानिर्देशक कृष्णप्रसाद देवकोटा सहभागी हुनु रणनीति र श्रोत साधनको कमी पहिचान गर्न, रणनीतिको कमी हटाउन कानून सुधार कार्यक्रमको पहिचान गर्न तथा क्षेत्रीय रुपमा सूचना तथा सहयोग आदानप्रदानको लागि क्षमता अभिबृद्धि गर्नु रहेको थियो।

भन्सार समाचार
**Customs News**

**प्रकाशक**
भन्सार विभाग, त्रिपुरेश्वर, काठमाडौं

**प्रमुख सल्लाहकार**
नवराज भण्डारी

**सल्लाहकार**
आनन्दराज ढकाल
विष्णुप्रसाद पाण्डे
डिकरदेव भट्ट
कुलराज ज्ञवाली

**प्रधान सम्पादक**
श्यामप्रसाद दाहाल

**सम्पादक**
नीरद रेग्मी

**मुद्रण**
सूचना प्रविधि तथा आधुनिकीररण शाखा, भन्सार विभाग, काठमाण्डौ
फो नं.४२५९७९१, ४२५९७९३
फ्याक्स: ४२५९८०८
e-mail: it@customs.gov.np


# नेपालगन्ज भन्सार र सरोकार समूहबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न

नेपालगन्ज भन्सार कार्यालयको कार्यकक्षमा सरोकार समूह र भन्सार प्रशासनबीच व्यापार सहजीकरण र राजस्व बृद्धि सम्बन्धमा अन्तरक्रिया र छलफल कार्यक्रम सम्पन्न गरिएको छ। नेपालगन्ज उद्योग बाणिज्य संघका नव निर्वाचित पदाधिकारीहरूलाई बधाई दिने समेत उद्देश्यले फागुन २३ गते आयोजना गरिएको सो कार्यक्रममा नेपालगन्ज उद्योग बाणिज्य संघका नव निर्वाचित पदाधिकारीहरू, उद्योगी, व्यापारी, भन्सार एजेन्ट तथा भन्सार कार्यालयका कर्मचारीहरूको उपस्थिति थियो। कार्यक्रममा नेपालगन्ज भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत विनोद बहादुर कुँवरले नवनिर्वाचित पदाधिकारीहरूलाई सफल कार्यकालको शुभकामना मन्तव्य दिँदै नेपालगन्ज भन्सार कार्यालयको उत्साहजनक राजस्व असुली लगायत कार्यालयका अन्य विविध गतिविधिबारे जानकारी गराउनु भयो।

नवनिर्वाचित नेपालगन्ज उद्योग बाणिज्य संघका नवनिर्वाचित अध्यक्ष सुनीलकुमार शर्मा लगायत अन्य पदाधिकारीहरूबाट भन्सार कार्यालयका राजस्व असुली तथा अन्य गतिविधि सम्बन्धमा अभिरुचिपूर्वक जानकारी लिई आगामी दिनमा राजस्व असुली तथा यस भन्सारको क्षेत्रबाट हुने अवैध निकासी पैठारी नियन्त्रण गर्न अझ सशक्त कदमहरू उठाउनु पर्ने विषयमा जोड दिँदै यसमा उद्योग बाणिज्य क्षेत्रले सशक्त सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरियो। साथै यस भन्सार कार्यालयको कुल राजस्व असुलीमा १४ प्रतिशत अंशमात्र निकासी व्यापारको रहेकोमा नवनिर्वाचित पदाधिकारीहरूबाट चिन्ता व्यक्तगर्दै निकासी व्यापारलाई प्रवर्द्धन गर्न आगामी बजेटमा सहुलियतपूर्ण व्यवस्थाहरू थप हुनुपर्ने धारणा समेत व्यक्त गर्नु भयो।

नेपालगन्ज भन्सार कार्यालयले वार्षिक लक्ष्यमा हालसम्मको लक्ष्यको तुलनामा एकसय बीस प्रतिशत भन्दा बढी सफलता हासिल गरिसकेको छ।

# सीमा व्यवस्थापनको निम्ति प्राविधिक सहयोग र क्षमता अभिबृद्धि सम्बन्धी प्रथम सम्मेलनमा नेपालको सहभागिता

सीमा व्यवस्थापनको निम्ति प्राविधिक सहयोग र क्षमता अभिबृद्धिको पहिलो सम्मेलन बैङ्ककमा १९ देखि २१ जनवरीमा सम्पन्न भयो। ३६ राष्ट्र तथा १२ अन्तर्राष्ट्रिय सङ्गठनहरूका प्रतिनिधिहरू सम्मिलित सम्मेलनमा नेपालको तर्फबाट त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक लवराज श्रेष्ठ तथा अध्यागमन विभागका निर्देशक यज्ञराज बोहोराले भाग लिनु भएको थियो। कार्यक्रममा विभिन्न मल्टिनेशनल कम्पनीहरूले सीमा व्यवस्थापनकोलागि आवश्यक विभिन्न मेसिन औजारहरूको प्रदर्शन र कार्यपत्र प्रस्तुत गरेका थिए। विभिन्न राष्ट्र तथा अन्तर्राष्ट्रिय सङ्गठनका प्रतिनिधिहरूले सीमा व्यवस्थापनसँग सम्बन्धित ऐन नियम, सूचना, सञ्चार र प्रविधि विकास निर्माण, मालसामान तथा व्यक्तिहरू सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुकोसाथै सीमा व्यवस्थापनका नमुनाहरू प्रस्तुत गरेका थिए। प्रस्तुत कार्यपत्रहरूमा विस्तृत छलफल पछि सीमा व्यवस्थापनकालागि अपनाउनु पर्ने प्रविधि, प्रतिबन्धित वस्तुहरूको नियन्त्रण, सूचनाको प्रवाह, भौतिक व्यवस्थापन तथा आतङ्कवाद नियन्त्रण जस्ता विषयहरूमा गरिनु पर्ने कार्यहरूको सम्बन्धमा विभिन्न निष्कर्ष र निर्णयहरू गरियो।



# Authorized Economic Operator सम्बन्धी अन्तर्राष्ट्रिय कार्यशालामा भन्सार प्रशासन सहभागी

जापानको चिवा शहरमा हालै Authorized Economic Operator ( AEO) सम्बन्धी एक कार्यशाला आयोजना गरियो जसमा रहेको सो कार्यशालामा नेपालको भन्सार प्रशासनको तर्फबाट भन्सार विभागका शाखा अधिकृत रामप्रसाद रेग्मीले भाग लिनु भएको थियो।



विश्व भन्सार सङ्गठनको Safe Framework भित्रको भन्सार व्यवसाय साझेदारी अन्तर्गत सहभागी राष्ट्रहरूमा AEO को कार्यान्वयन स्थितिको व्यापक समीक्षा गरियो। WCO- ROCB र जापान सरकारको संयुक्त आयोजनामा जापानको भन्सार तालिम इन्स्टिच्युटमा जनवरी १८ देखि २२ सम्म सञ्चालित र २० राष्ट्रका २६ जनाको सहभागिता

विश्व भन्सार सङ्गठनका सदस्य राष्ट्रहरू मध्ये नेपाल लगायतका १५८ राष्ट्रका भन्सार महानिर्देशकहरूले AEO लागू गर्ने प्रतिबद्धता जाहेर गरिसकेका छन्। कार्यशालामा सहभागी २० राष्ट्रहरूमध्ये ROCB क्षेत्रका चीन,जापान, कोरिया, न्युजिल्यान्ड र सिङ्गापुरले AOE लागू गरिसकेका छन्।

# त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा छनौट प्रणाली प्रयोग सुरू

त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा यही चैत्र १५ गते देखि छनौट प्रणालीका आधारमा मालवस्तुको जाँचपास गर्ने प्रणालीको थालनी भएको छ।यस प्रणालीको प्रयोगाधार भन्सार स्वचालनको कम्प्युटरकृत प्रणाली आशिकुडा अन्तरको सेलेक्टीभिटी मोडयुल हो जसको प्रयोगको लागि छनौट प्रणाली २०६६ भन्सार विभागबाट २०६६ साल मङसिर ८ गते स्वीकृत भएको छ। भन्सार विभागबाट स्वीकृत यस प्रणालीमा भन्सार विभागका महानिर्देशकले तोकेको मितिदेखि तोकेको कार्यालयमा यो प्रणाली लागुहुने व्यवस्था रहेको छ। यही आधारमा विमानस्थल भन्सार प्रशासनको माग बमोजिम विभागको यही चैत्र ९ गतेको निर्णयले सो कार्यालयमा यसको प्रयोग सुरू गरिने भएको हो। यस प्रणाली अन्तर्गत निकासी पैठारी हुने मालवस्तुहरूलाई जोखिमका आधारमा पूर्ण भौतिक परीक्षण गर्ने वा परीक्षण नै नगरी जाँचपास गर्ने गरिन्छ। निकासी पैठारी हुने मालवस्तुहरूको जोखिमलाई वर्गीकृत गरी आशिकुडा प्रणालीको सेलेक्टीभिटी मोडयुलमा राखिन्छ र सो मोडयुलले स्वचालित ढङ्गले मालवस्तुको छनौट गर्दछ। यस प्रणालीमा स्वविवेकीय अधिकारको गुञ्जायस रहँदैन। प्रणालीले छनौट गरेको आधारमा मालवस्तुको जाँच गर्ने वा नगर्ने गरिन्छ। यस अगाडि वीरगन्ज भन्सार कार्यालयमा माघ ९ गते र सुक्खा बन्दरगाह भन्सार कार्यालयमा माघ १० गतेदेखि छनौट प्रणालीको सुरुआत गरिसकिएको छ।

छनौट प्रणालीको आधारमा जाँचपास गर्ने परिपाटी विश्वका अधिकांश भन्सार प्रशासनले अवलम्वन गरेकाछन्। छनौट प्रणाली अवलम्वन गरेपछि भन्सार प्रशासनको सीमित श्रोत जोखिमयुक्त मालवस्तुको जाँचपासमा केन्द्रित हुने हुनाले स्वाभाविक रुपमा अझ बढी राजस्व सङ्कलन हुने सम्भावना हुन्छ। साथै, जोखिम नहुने वस्तुहरू भौतिक परीक्षण नगरी जाँचपास हुने हुनाले व्यापार सहजीकरणमा समेत टेवा पुग्ने हुन्छ। जोखिम व्यवस्थापनमा आधारित छनौट प्रणाली लागू नभएका भन्सार प्रशासन आधुनिक भन्सार प्रशासनको श्रेणीमा पर्दैनन् र अन्तर्राष्ट्रियस्तरमा पूर्ण भौतिक परीक्षण गरिने भन्सार प्रशासनलाई परम्परागत भन्सार प्रशासनको श्रेणीमा राखिन्छ। हाल आएर नेपालको भन्सार प्रशासनले छनौट प्रणालीमा आधारित जाँचपास प्रणालीको कार्यान्वयन गरेर अन्तर्राष्ट्रिय भन्सार प्रशासनको स्तरमा आफूलाई उभ्याउन सफल भएको छ।

**जाँचपास पछिको परीक्षण एक नियमित र औपचारिक कानूनी प्रक्रिया हो। यसमा सबैको सहयोगको अपेक्षा गरिन्छ।**

# आ.ब. २०६६।०६७ फागुन महिनासम्मको कार्यालयगत तुलनात्मक भन्सार राजस्व असूली बिवरण

(प्रारम्भिक) रु. ००० मा

| सि.नं | भन्सार कार्यालय | २०६५।६६ | | २०६६।६७ | | | | | गत आ.ब.को फागुन महिनासम्मको असुलिको तुलनामा वृद्धि वा ह्रास प्रतिशत | आ.ब.०६६।६७ फागुन महिनासम्मको | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | फागुन महिनाको असुली | फागुन महिनासम्मको असुली | फागुन महिनाको लक्ष्य | फागुन महिनाको असुली | लक्ष्यमा असुली प्रतिशत | फागुन महिनासम्मको लक्ष्य | फागुन महिनासम्मको असुली | | लक्ष्यमा असुली प्रतिशत | लक्ष्यमा घटी वा बढी रकम |
| १ | पशुपतिनगर | २४१ | १७७६ | ३०६ | १७६ | ५७।५२ | १८२५ | १४५१ | (१८।३० | ७९।५३ | (३७४ |
| २ | मेची | ५६४१८ | ४४६००० | ७१६३२ | ४५३५८ | ६३।३२ | ५७४९०१ | ४८००२७ | ७।६३ | ८३।५० | (९४८७४ |
| ३ | विराटनगर | २२६६४१ | १२५८५३९ | २८५९५९ | २२०४०२ | ७७।०७ | १५८३५२७ | १६९५०४४ | ३४।६८ | १०७।०४ | १११५१७ |
| ४ | सुनसरी | १६५९ | ८१३८ | २१०० | ३४३३ | १६३।४८ | १०२९० | ७४९२४ | ८२०।६७ | ६२८।१२ | ६४६३४ |
| ५ | राजबिराज | ५१५२ | ३६००२ | ५२०० | ८८ | १।६९ | ३२७०० | २१२८३ | (४०।८८ | (३४।९१ | (११४१७ |
| ६ | सिराहा | २७६३ | ११३२० | ३५०० | ४२४२ | १२१।२० | १८५०० | १८७३० | ६५।४६ | १०१।२४ | २३० |
| ७ | जनकपुर | ३८२८ | २९२१० | ४८४० | १९९९ | ४१।३० | ३६६९० | २२१५३ | (२४।१६ | ६०।३८ | (१४५३७ |
| ८ | जलेश्वर | ५४८७ | २९७२० | ६९३० | १४४३० | २०८।२३ | ४०७५० | १०५५६१ | २५५।१९ | २५९।०५ | ६४८११ |
| ९ | सर्लाही | ६२५८ | ३९८७५ | ७९१० | ३४०२ | ४३।०१ | ५१०७० | ३७२७९ | (६।५१ | ७३।०० | (१३७९१ |
| १० | गौर | १५७५ | १४३५८ | १९९० | १९८८ | ९९।९० | १८१४० | २२६१५ | ५७।५१ | १२४।६७ | ४४७५ |
| ११ | वीरगन्ज | ९८६६२० | ६९७६११३ | १२५२६८० | ११९३५९३ | ९५।२८ | ८८५३१५३ | १०४२७२८९ | ४९।४७ | ११७।७८ | १५७४१३६ |
| १२ | सुख्खा बन्दरगाह | १७५२१५ | १२६१७१८ | २२५९६५ | २५८३५५ | ११४।३३ | १६२८९६३ | १५४९९३६ | २२।८४ | ९५।१५ | (७९०२७ |
| १३ | भैरहवा | १८०६३६ | १५४१७८४ | २२७७४८ | ३१५७७१ | १३८।६५ | १९४४१४४ | २७२५३२७ | ७६।७६ | १४०।१८ | ७८११८३ |
| १४ | कृष्णनगर | ४८०४२ | २६३९११ | ६१४९७ | ५८७५३ | ९५।५४ | ३३९०७९ | ३६०६३१ | ३६।६५ | १०६।३६ | २१५५२ |
| १५ | कोइलावास | ० | ० | १०० | ३२ | ३२।०० | ४५० | २७९४ | | ६२०।८९ | २३४४ |
| १६ | नेपालगन्ज | ५३१८१ | ४०१००९ | ६८०२२ | ६८२५९ | १००।३५ | ५१३१४८ | ५४९६९२ | ३७।०८ | १०७।१२ | ३६५४४ |
| १७ | राजापुर | ३२२ | ३००४ | ४१० | ४२९ | १०४।६३ | २९०० | ४७०७ | ५६।६९ | १६२।३१ | १८०७ |
| १८ | कैलाली | ८८०१ | ९०५८५ | १११७४ | २०४३९ | १८२।९१ | ११५०१२ | १३८९८७ | ५३।४३ | १२०।८५ | २३९७५ |
| १९ | कंचनपुर | १८८९ | १५४६६ | २३९० | २४२१ | १०१।३० | १९५४० | १७०४७ | १०।२२ | ८७।२४ | (२४९३ |
| २० | महाकाली | २० | ३६० | ४० | ८८ | २१७।६५ | २७१ | ८१० | १२५।०० | २९८।५७ | ५३९ |
| २१ | त्रि.वि. स्थल | ६९३९७ | ६४१९८१ | ८८१११ | ७९३१७ | ९०।०२ | ८१५३८० | ८१४०२७ | २६।८० | ९९।८३ | (१३५३ |
| २२ | तातोपानी | ६९७१८ | ५९०९९८ | १०२५०० | ७८७१२ | ७६।७९ | ७८८०२५ | ८३३५६५ | ४१।०४ | १०५।७८ | ४५५४० |
| २३ | रसुवा | ० | २५३ | ५० | ० | ०।०० | ४३० | २४९ | (१।५८ | ५७।९१ | (१८१ |
| | जम्मा | १९०३८६३ | १३६६२१२० | २४३१०५६ | २३७१६८७ | ९७।५६ | १७३८८८८९ | १९९०४१२८ | ४५।६९ | ११४।४६ | २५१५२३९ |
| | भारतीय अ.शुल्क फिर्ता | ३१७२५५ | १६६४७९३ | ३१०००० | ३७४५५९ | १२०।८३ | १९१०००० | २०१०११६ | २०।७४ | १०५।२४ | १००११६ |
| | कूल जम्मा | २२२११११८ | १५३२६९१३ | २७४१०५६ | २७४६२४६ | १००।१९ | १९२९८८८९ | २१९१४२४४ | ४२।९८ | ११३।५५ | २६१५३५५ |

**चोरी निकासी वा पैठारी पक्राउ गर्ने वा सुराक दिने व्यक्तिलाई पुरस्कार दिने सम्वन्धी भन्सार भन्सार ऐन २०६४ को दफा ७१ को व्यवस्था:** कसैले कुनै मालवस्तु चोरी निकासी वा पैठारी गर्न लागेको वा गरेको कुराको सुराक दिने वा त्यस्तो मालवस्तु पक्राउ गरी भन्सार कार्यालयमा दाखिला गर्ने व्यक्तिलाई त्यस्तो कार्य प्रमाणित हुन आएमा त्यस्तो मालवस्तु लिलाम बिक्री गरी प्राप्त हुन आएको रकमबाट तोकिएबमोजिम पुरस्कार दिइनेछ।

# आ.ब. २०६६।६७ फागुन महिनासम्मको शीर्षकगत राजस्व असूली बिवरण रु.००० मा

| सि. नं. | राजस्व शिर्षक | २०६६।६७ को वार्षिक लक्ष्य | २०६५।६६ को असुली | | आ.व. ०६६।६७ फागुनको | | ०६६।६७ फागुन सम्मको | | असुली प्रतिशत | | | गत आ.व.को फागुनसम्मको तुलनामा वृद्धि/ह्रास प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | फागुन महिनाको | फागुन महिनासम्मको | लक्ष्य | असुली | लक्ष्य | असुली | वार्षिक लक्ष्यमा फागुन सम्मको | फागुनको लक्ष्यमा | फागुनसम्म को लक्ष्यमा | |
| भन्सार तर्फको असुली | (क) निकासी | १०००००० | ६१४१४ | ४२३५९० | ७९६०५ | ४०६२० | ५३१४८४ | ३४३९४१ | ३४।३९ | ५१।०३ | ६४।७१ | (१३।५५ |
| | (ख) पैठारी | २८१२५७४० | १७९०६११ | १२८१८०४५ | २३०५८१७ | २२९४१७१ | १६४८३६०३ | १९१५७९४६ | ६८।१२ | ९९।४९ | ११६।२२ | ३६।५० |
| | (ग) कृषि सुधार शुल्क | ३५०००० | ३५६८७ | ३००८३० | २४६३१ | ३५५९२ | २१२६८२ | २६५३६४ | ७५।८२ | १४४।५० | १२४।७७ | (४।१४ |
| | (घ) अन्य | २५०००० | १६१५१ | ११९६५५ | २१००३ | १३०४ | १६११२१ | १३६८७७ | ५४।७५ | ६।२१ | ८४।९५ | ३०।९६ |
| | जम्मा:– | २९७२५७४० | १९०३८६३ | १३६६२१२० | २४३१०५६ | २३७१६८७ | १७३८८८८९ | १९९०४१२८ | ६६।९६ | ९७।५६ | ११४।४६ | ३५।१२ |
| | (ङ) DRP Refund | ३४००००० | ० | १६६४७९३ | ३१०००० | ३७४५५९ | १९१०००० | २०१०११६ | ५९।१२ | १२०।८३ | १०५।२४ | (७।२४ |
| १ | भन्सार राजस्व जम्मा | ३३१२५७४० | १९०३८६३ | १५३२६९१३ | २७४१०५६ | २७४६२४६ | १९२९८८८९ | २१९१४२४४ | ६६।१५ | १००।१९ | ११३।५५ | ४२।९८ |
| २ | VAT (मु.अ.कर) | ३४२५०००० | २२५६९६३ | १७८५९४११ | २६४९३७१ | ३०६६७३० | २०९२५९३२ | २४१५०८३८ | ७०।५१ | ११५।७५ | ११५।४१ | ३५।२३ |
| ३ | अन्त:शुल्क | ७२९०००० | ४१९५५४ | २८५८६७१ | ५९७५६५ | ७७६८७४ | ४०८५०३२ | ६६२४७१० | ९०।८७ | १३०।०१ | १६२।१७ | १३१।७४ |
| जम्मा (१,२ र ३) | | ७४६६५७४० | ४५८०३८० | ३६०४४९९५ | ५९८७९९२ | ६५८९८५० | ४४३०९८५३ | ५२६८९७९२ | ७०।५७ | ११०।०५ | ११८।९१ | ४६।१८ |
| ४ | बिशेष शुल्क | | | | | | | ० | | | | |
| ५ | सडक सुधार शुल्क | | ५९१३५ | ३५६७१८ | | ८१५७६ | ० | ४७१२५५ | | | | ३२।११ |
| ६ | अन्य कर | | ११५० | २०३९ | | १५७६ | ० | १०६२६ | | | | |
| | जम्मा (४,५ र ६) | ० | ६०२८५ | ३५८७५७ | | ८३१५२ | | ४८१८८१ | | | | |
| | कुल जम्मा | ७४६६५७४० | ४६४०६६५ | ३६४०३७५२ | ५९८७९९२ | ६६७३००२ | ४४३०९८५३ | ५३१७१६७३ | | | | |

<u>बौद्धिक सम्पत्तिको अधिकार उल्लङ्घ उपरको उपचार सम्बन्धी भन्सार ऐन २०६४ को दफा ६८ को व्यवस्था:</u> प्रचलित कानून बमोजिम कुनै व्यक्तिले प्राप्त गरेको पेटेन्ट, डिजाइन, ट्रेडमार्क, प्रतिलिपि अधिकार जस्ता बौद्धिक सम्पत्ति उपरको अधिकार उल्लङ्घन गरी कसैले कुनै मालवस्तु निकासी वा पैठारी गर्न लागेमा सरोकारवाला व्यक्तिले त्यस्तो निकासी वा पैठारी रोक्का गर्न प्रमाण सहित सम्बन्धित भन्सार अधिकृत समक्ष निवेदन दिन सक्ने छ।

<u>भन्सारको कार्यमा अन्य निकायले हस्तक्षेप गर्न नहुने सम्वन्धी भन्सार भन्सार ऐन २०६४ को दफा ८८ को व्यवस्था:</u> निकासी वा पैठारीको लागि भन्सार कार्यालयभित्र रहेको मालवस्तु सो कार्यालयबाट जाँचपास भई भन्सार कार्यालयबाट नहटाइएसम्म सो मासवस्तुका सम्बन्धमा कुनै अधिकारी वा निकायले कुनै प्रकारको हस्तक्षेप गर्न हुँदैन।

# भैरहवा र तातोपानी भन्सार कार्यालयमा ब्रोकर मोड्युल प्रारम्भ

भैरहवा भन्सार कार्यालयमा फागुन ५ गते देखि तथा



तातोपानी भन्सार कार्यालयमा फागुन १७ गते देखि भन्सार घोषणा तथा जाँचपास प्रक्रियामा ब्रोकर मोड्युल प्रारम्भ गरिएको छ। दुवै



कार्यालयहरूमा सो मोड्युल अवलम्वनमा प्राविधिक तथा प्रशासनिक सहयोग उपलब्ध गराउन अङ्टाडले उपलब्ध गराएको आशिकुडा विशेषज्ञ सहिको भन्सार विभाग, भन्सार सुधार तथा आधुनिकीकरण शाखाको टोली कार्यालयमा उपस्थित रहेको थियो।

ब्रोकर मोड्युल भन्सार स्वचालनको लागि प्रयोग भएको आशिकुडा प्रणालीको एक मोड्युल हो जसमा भन्सार एजेन्टहरू आफैंले आशिकुडा प्रणालीमा विवरणहरू प्रविष्टि गरी सो प्रणालीबाट अङ्ग्रेजी भाषामा उत्पादित प्रज्ञापनपत्रहरू भन्सार जाँचपासको लागि प्रयोग गर्दछन्। यस अघि भन्सार एजेन्टहरूले नेपाली प्रज्ञापनपत्र हातले भरी भन्सार कार्यालयमा पेस गरेपछि भन्सार कार्यालयका कम्प्युटर अपरेटरले कम्प्युटरमा प्रविष्टि गर्ने गर्थे। ब्रोकर मोड्युल कार्यान्वयन गरेपछि भन्सार कार्यालयमा कार्यरत भन्सार एजेन्टहरूले अङ्ग्रेजी प्रज्ञापनपत्र प्रविष्टि आफैले गर्न सक्ने भएकाले कम्प्युटर अपरेटरको सहयोगमा प्रज्ञापनपत्र भर्दा हुनसक्ने विलम्ब हटेको छ। साथै, भन्सार एजेन्टहरूले आफ्नै घर वा अफिसबाट समेत प्रज्ञापनपत्र प्रविष्टि गरेको विवरण पेन ड्राइभमा हाली भन्सार कार्यालयमा रहेको कम्प्युटर टर्मिनलबाट प्रिन्ट गर्न सक्ने सुविधा पनि उपभोग गर्न सक्ने भएका छन्। यसरी यस मोड्युलको प्रयोगबाट भन्सार जाँचपासमा लाग्ने समय उल्लेखनीयरूपमा कम हुने तथा भन्सार जाँचपासमा स्वयं कर घोषणा शसक्त हुने र राजस्व चुहावट नियन्त्रण कार्य प्रभावकारी हुनेछ।

भन्सार विभागको भन्सार सुधार तथा आधुनिकीकरण कार्य योजना सन् २००९-१३ अनुसार भन्सार कार्यालयहरूलाई पूर्ण यान्त्रिकीकरण गर्ने योजना अनुसार चालू आर्थिक वर्षभित्र आशिकुडा लागू भएका सबै नौवटा भन्सार कार्यालयहरूमा ब्रोकर मोड्युल लागू गर्ने कार्यक्रम रहे अनुसार चाँडैनै कृष्णनगर र नेपालगन्ज भन्सार कार्यालयमा ब्रोकर मोड्युल लागू गरिने छ। आशिकुडा लागू भएका अन्य कार्यालयहरू मेची, विराटनगर, त्रिभुवन विमानस्थल, वीरगन्ज र सुक्खा बन्दरगाह भन्सार कार्यालयहरूमा यस अगाडिनै यस मोड्युलको प्रयोगभई सोको सफलता र अनुभवको आधारमा थप कार्यालयहरूमा लागू गरिएको हो। यसै सिलसिलामा राजश्व प्रशासन तालिम केन्द्रको तत्वावधानमा कृष्णनगर भन्सार कार्यालय र भैरहवा भन्सार कार्यालयमा भन्सार एजेन्टहरूलाई आशिकुडा प्रणालीमा प्रज्ञापन पत्र सम्बन्धी विवरण प्रविष्टि गर्न ब्रोकर मोड्युल सम्बन्धी तालिम कार्यक्रम सन्चालन गरिएको थियो। तातोपानी भन्सार कार्यालयमा भने कार्यालय आफैले तालिम सन्चालन गरेको थियो।

# भन्सार विभागका दुई नायव सुबाको पदोन्नति

भन्सार विभागमा कार्यारत दुई नायव सुब्बा राजस्व समूहको शाखा अधिकृत पदमा पदोन्नती भएको छ। उहाँहरूको पदोन्नती लोकसेवा आयोगले कार्यसम्पादन मूल्याङ्कन (फाइल बढुवा) को आधारमा गरेको हो।बढुवा हुने इन्द्रबहादुर अधिकारी मूल्याङ्कन शाखामा कार्यरत हुनुहुन्थ्यो भने अहिले भन्सार विभाग भन्सार सुधार तथा आधुनिकीकरण शाखामा पदस्थापन हुनु भएको छ। बढुवा हुने पुष्करनाथ उप्रेती निरीक्षण शाखामा कार्यारत हुनुहुन्थ्यो भने हाल भन्सार विभागको मूल्याङ्कन शाखामा पदस्थापन हुनु भएको छ।

<u>मूल्याङ्कन पुनरावलोकन समिति सम्वन्धी भन्सार भन्सार ऐन २०६४ को दफा ६१ को व्यवस्था:</u> भन्सार अधिकृतले मूल्याङ्कन सम्वन्धमा भन्सार ऐन बमोजिम गको निर्णय वा आदेशउपर चित्त नबुझ्ने व्यक्तिले पुनरावलोकनको लागि त्यस्तो निर्णय वा आदेश भएको मितिले पन्ध्र दिनभित्र भन्सार ऐन बमोजिम गठित मुल्याङ्कन पुनरावलोकन समिति समक्ष तोकिए बमोजिम निवेदन दिन सक्ने छ।

# भन्सार विभाग

## २०६६ साल फागुन महिना

| अ. | मासिक रुपमा सम्पन्न भएका मुख्य-मुख्य कामको विवरण | | | |
|---|---|---|---|---|
| क. | परिमाण खुलाउन सकिने कामको विवरण | | | |
| | सम्पादित प्रमुख कामहरु | फागुन महिनाको उपलब्धि | चालू आर्थिक वर्षको फागुन महिनासम्म को उपलब्धि | गत वर्षको सोही महिनाको तुलनामा यस महिनाको प्रगति (%मा) |
| १. | अन्तर्राष्ट्रिय मूल्य सूचि वितरण (पटक) | २ | १६ | |
| २. | मूल्यांकन पुनरावलोकन समितिको बैठक संख्या | २ | १० | |
| ३. | मूल्यांकन पुनरावलोकन समितिबाट निर्णय भएको संख्या | १४ | ४६ | |
| ४. | सवारी साधनहरूको महसुल असुल गर्न त्रिभुवन विमानस्थल भन्सार कार्यालयलाई पत्र पठाइएको | १० | ७४ | |
| ५. | सरकारी निकायहरू बाट कारवाईको लागि प्राप्त विवरणको छानवीन एवम् कारवाई | १ | ८ | |
| ६. | बैंक ग्यारेन्टी/पासबुक/म्याद थप सम्बन्धी | १० | ७६ | |
| ७. | विदेशी निकायहरूबाट प्राप्त पत्र सम्बन्धमा पत्राचार | १५ | ६० | |
| ८. | वण्डेड वेयर हाउसको इजाजतपत्र नवीकरण | X | २७ | |
| ९. | वण्डेड वेयर हाउसको इजाजतपत्र जारी | X | ६ | |
| १०. | भन्सार एजेन्टको प्रमाणपत्र नविकरण | X | ४१ | |
| ११. | भन्सार एजेन्टको प्रमाणपत्र खारेजी | २ | ५ | |
| १२. | वस्तु परिक्षण /वस्तु वर्गीकरण समेत | १८७ | १५८७ | |
| १३. | महसूल वर्गीकरण संख्या | १ | २७ | |
| १४. | महसूल सुविधा प्रदान गरिएको संख्या | १२८ | १०६२ | |
| १५. | कुटनैतिक सुविधा प्रदान गरिएको संख्या | ८४ | ८२७ | |
| १६. | आयोजना अन्य छुट | २७ | १६७ | |
| १७. | अर्थ मन्त्रालयबाट आर्थिक विधेयकको दफा १८ बमोजिम भएका छुट विवरण | २२ | १८५ | |
| १८. | भारतीय अन्तःशुल्क फिर्ता प्राप्त रू. | ३७,४५,५८,६७० | २,०१,०१,१५,४०१ | |
| १९. | बेरूजु फछ्र्यौट (फागुन मसान्तसम्म) रू. | १२,५३,५०,००० | | |
| ख. | **परिमाण खुलाउन नसकिने कामको विवरण** | | | |
| १. | आर्थिक वर्ष २०५७/०५८ सम्मको फुकुवा हुन बांकी बैंक ग्यारेन्टी र सो का समस्या एवं समाधानार्थ चाल्नु पर्ने कदमहरूका सम्बन्धमा सम्बन्धित विभिन्न बैंकका प्रतिनिधिहरू सम्मिलित बैठकको आयोजना भएको । | | | |
| २. | पशुपति एक्सपोर्ट इम्पोर्टको ४ वटा मुद्दाको सम्बन्धमा राजस्व न्यायाधिकरणबाट भएको निर्णय उपर सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन निवेदन दर्ता गराएको । | | | |
| ३. | सबै भन्सार कार्यालयहरूलाई तत् तत् कार्यालयहरूबाट पैठारी भएका Mobile Phone सेटको विवरण उपलब्ध गराउन पत्राचार गरिएको । | | | |
| ४. | Lead Acid Battery को मूल्य सम्बन्धमा वीरगञ्ज भन्सार कार्यालयलाई पत्राचार गरिएको । | | | |
| ५. | तातोपानी भन्सार कार्यालयबाट कर्मचारी खटाई झिकाइएका प्रज्ञापनपत्रहरू मध्ये ३३ वटा प्रज्ञापनपत्रको अनुगमन अन्तिम चरणमा पुगेको । | | | |
| ६. | वण्डेड वेयर हाउसको इजाजत प्राप्त गर्ने उद्योग/फर्मको विवरण अध्यावधिक गर्ने कार्य शुरू गरिएको । | | | |
| ७. | जिल्ला भन्सार कार्यालयबाट प्राप्त भएको डि आर पि को मास्केवारी कम्प्यूटरमा Entry गर्ने कार्य भई रहेको । | | | |
| ८. | | | | |
| ९. | आर्थिक विधेयक २०६६ को दफा १८ बमोजिम पटके रूपमा विभिन्न वस्तुहरूमा दिइएको महसुल छुटको विवरण माघमसान्त सम्मको अध्यावधिक गरी पुस्तकको रूपमा प्रकाशित गरिएको । | | | |
| १०. | गत आर्थिक वर्षमा ४० प्रतिशत रहेको भन्सार दरलाई यस आर्थिक वर्षमा ३० प्रतिशत कायम गरेपछि त्यस्ता वस्तुहरूको आयातमा परेको असरको तुलानात्मक विवरण प्राप्त भए सम्मको संकलन गरी पुस्तकको रूपमा प्रकाशित गरिएको । | | | |
| ११. | अर्थ मन्त्रालयबाट स्वीकृत विभिन्न आयोजनाहरूको Master List अद्यावधिक विवरण तयार गरी पुस्तकको रूपमा प्रकाशित गरिएको । | | | |
| १२. | आर्थिक विधेयक २०६७/०६८ मा समावेश/संशोधन गर्नुपर्ने विषयहरूमा छलफल गरी प्रतिवेदन पेश गर्न गठित भन्सार तथा वाणिज्य उपसमितिको बैठक २ पटक आयोजना गरिएको । | | | |
| १३. | भैरहवा र तातोपानी भन्सार कार्यालयमा Broker Module लागू गरिएको । | | | |
| १४. | विभिन्न भन्सार कार्यालयहरूबाट माघ महिनामा सम्पादन भएको कामको आधारमा <u>कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली</u> गणना गरी स्वीकृत गरिएको । | | | |
| १५. | दैनिक तथा मासिक राजस्व तथ्यांक प्रशोधन गरिएको । | | | |
| १६. | माघ महिना सम्मको वस्तुगत तथ्यांक तयार पारिएको । | | | |
| १७. | गत आर्थिक वर्षको वस्तुगत तथ्यांक प्रकाशनको क्रममा रहेको । | | | |
| १८. | PCA कार्यालय स्थापना भईसकेको परिप्रेक्ष्यमा PCA सम्बन्धी सम्पूर्ण फाईलहरू, कागजातहरू उक्त कार्यालयहरूलाई हस्तान्तरण गर्ने तयारी भैरहेको । | | | |
| १९. | पैठारीकर्ताले न्यून विजकिकरण गरी घोषणा गरेको मालवस्तु खरिद गर्ने गराउने सम्बन्धी कार्यविधि २०६६ स्वीकृतिको लागि अर्थ मन्त्रालयमा पठाइएको । | | | |
| २०. | त्रि.वि.स्थल भन्सार कार्यालयलाई कुटनैतिक सुविधा वा महसुल सुविधामा पैठारी भएका गाडी हस्तान्तरण हुंदा महसुल असुल गर्ने प्रयोजनका लागि सवारी साधन विक्री गर्दाको मूल्य नभई पैठारी भएको बिजक मूल्यलाई आधार लिन परिपत्र गरिएको । | | | |

| | |
|---|---|
| २१. | भारतबाट पैठारी हुने Lead Acid Battery को सन्दर्भ मूल्य कम भएको सम्बन्धमा माननीय अर्थ मन्त्रीज्यूलाई दिएको निवेदनको सन्दर्भमा सबै भन्सार कार्यालयहरूलाई सो सम्बन्धमा आफ्नो राय प्रतिक्रिया उपलब्ध गराउन पत्राचार गरिएको । |
| २२. | मासिक भन्सार बुलेटीन प्रकाशित गरिएको । |
| २३. | भन्सार विभागले गर्नुपर्ने दैनिक प्रशासनिक तथा अन्य भन्सार सम्बन्धी कार्यहरू सहज र तदारूकताका साथ प्रभावकारी ढंगले सम्पादन भएको । |
| २४. | उजूरी, शिकायत आदि जस्ता विषयलाई उच्च प्राथमिकताका साथ अनुसन्धान एवं छानवीन गरी कारवाही सम्पन्न गरिएको । |
| २५. | भन्सार आचार संहिता-२०६५ कडाइका साथ कार्यान्वयन गरी प्रभावकारिता अभिबृद्धि गर्ने थप व्यवस्था गरिएको । |
| **आ.** | **कार्य सम्पादनको सिलसिलामा अनुभूत गरिएका मुख्य-मुख्य समस्या/मुद्धाहरु** |
| १. | बन्द, हडताल, चक्का जाम आदि जस्ता कारणहरूले भन्सार प्रशासनको समग्र काम कारवाहीहरू प्रतिकूलरूपमा प्रभावित भएको । |
| २. | चोरी पैठारी निकासी नियन्त्रणका लागि भन्सार प्रशासन अहोरात्र पूर्ण कटिबद्धताका साथ लागि परेको भएता पनि विविध कारणहरू ( न्यून जनशक्ति, अन्य निकायसंगको प्रभावकारी समन्वयको अभाव, अपर्याप्त छोटी भन्सार कार्यालयहरू आदि) का बाबजुत सो मा वाञ्छित सफलता हासिल गर्न सक्ने अवस्था नरहेको । |
| **इ** | **समस्या समाधान गर्न गरिएका उल्लेखनीय प्रयासहरु** |
| १. | भन्सार राजस्व असूलीमा अभिबृद्धि तथा चोरी पैठारी नियन्त्रणमा प्रभावकारिता ल्याउने प्रयोजनका लागि सम्पूर्ण मूल भन्सार कार्यालयहरूलाई आफ्नै अग्रसरतामा राजस्व चुहावट नियन्त्रण समितिको बैठक निर्दिष्ट समयमा बसी सो को निर्णय उतार संकलन गरी विभागमा पठाउन दिइएको निर्देशन उपर नियमित अनुगमन गर्ने कार्यलाई तीब्रता दिइएको । |
| २. | चोरी निकासी पैठारी नियन्त्रण कार्यलाई अझ बढी सशक्त र व्यवस्थित बनाई राजस्व असूलीमा सकारात्मक अभिबृद्धि गर्न विभागबाट हरेक कार्यालयमा प्रत्येक महिना १ जना अधिकृत कर्मचारी खटिई निरीक्षण, सुपरिवेक्षण एवं निगरानीका लागि जाने कार्य प्रभावकारी रूपमा भैरहेको । फागुन महिनामा यसरी खटिई जाने कर्मचारीहरूले विभागमा प्रतिवेदन बुझाएको र प्रतिवेदनमा उल्लिखित बुंदाहरूका सम्बन्धमा तदारूकताका साथ आवश्यक कारवाही भैरहेको । |

**चोरी पैठारी वा चोरी निकासी गर्नु अपराध हो, यस्तो कार्य हामी कसैले नगरौं। यस्तो अपराध गरेको कसैले थाहा पाएमा भन्सार कार्यालय वा राजस्व अनुसन्धान विभागमा सूचना दिई असल नागरिकको कर्तव्य निर्वाह गरौं।**

**-भन्सार विभाग**

## भन्सार छुट हुन सक्ने अबस्था

कनूनमा नै भन्सार महसुल नलाग्ने वा छुट हुने भनी स्पष्ट उल्लेख भएकोमा बाहेक पैठारी गरिने सबै प्रकारका मावस्तुहरूमा भन्सार महसुल लाग्छ। भन्सार महसुल छुट दिने अधिकार नेपाल सरकारलाई मात्र भएकोले त्यस्तो निर्णय अर्थमन्त्रालयबाट मात्र हुन सक्ने हुँदा त्यसरी निर्णयभई आएको अवस्थामा बाहेक सबै व्यक्ति वा निकायले पैठारी गर्ने मालवस्तुमा भन्सार महसुल लगायतका राजस्व तिर्नु पर्ने ब्यहोरा सबैको जानकारीको लागि अनुरोध छ।

**-भन्सार विभाग**

प्रकाशक : भन्सार विभाग, त्रिपुरेश्वर, काठमाडौं। फो नं.४२५९७९१, ४२५९७९३ फ्याक्स:४२५९८०८